कोल्हवी नगरपालिकाको लाल बकैया खोलाबाट नदीजन्य पदार्थ उत्खनन् सम्बन्धी प्राविधिक प्रतिवेदन

श्री प्रदेश
जिल्ला अनुगमन समितिको
बैठकमा पेश गर्ने,
२०८१।०२।१३

प्रतिवेदक

नदीजन्य पदार्थ नापजाँच गर्न गठित प्राविधिक समिति

जिल्ला समन्वय समिति
कलैया, बारा प्रदेश न. २
दर्ता ३५६ मिति २०८१।२।१३

पेश गरिएको निकाय

जिल्ला अनुगमन समिति

मार्फत् जिल्ला समन्वय समितिको कार्यालय

कलैया, बारा

२०८१ जेष्ठ

भाग १: परिचय

पृष्ठभूमि

बारा जिल्लाका १६ स्थानीय तहहरुमध्ये उत्तरी पूर्वी क्षेत्रमा पर्ने उत्तरमा निजगढ नगरपालिका र पूर्वमा रौतहट जिल्लासँग सिमाना जोडिएको नगरपालिका हो कोल्हवी नगरपालिका । प्राकृतिक स्रोत साधनको दृष्टिले केही वन क्षेत्र र विभिन्न नदी, खोला नालाहरु रहेको यस नगरपालिकाको पश्चिमी सिमाना हुँदै बग्ने लाल बकैया एक प्रमुख खोला हो । नगरपालिका अन्तर्गत पूर्व पश्चिम लोकमार्ग सडक खण्डमा पर्ने लाल बकैया पूलबाट १ कि मि तल दक्षिणदेखि हनुमानगंज बाँध हुँदै बारा र रौतहटको सिमानासम्मको क्षेत्र ओगटेको यो खोलाले प्रत्येक वर्ष वर्षायाममा धेरै मात्रामा नदीजन्य पदार्थ ढुङ्गा, गिट्टी तथा बालुवा खोलाको माथिल्लो भागबाट बगाएर तल्लो समथर भागमा थुपार्ने गर्दछ । यसरी पानीले बगाई ल्याएको नदीजन्य पदार्थले खोलाको प्राकृतिक बहावलाई परिवर्तन गर्ने क्षमता राख्दछ र नदीजन्य प्रकोपहरु जस्तै बाढी, वनजंगल तथा बस्ती कटानी, पूलमा क्षति आदिको कारण बन्न सक्दछ । त्यसैले थुप्रिएको यस्ता नदीजन्य पदार्थलाई निकाल्नुपर्ने हुन्छ र यसको लागि नगरपालिकाले प्रत्येक वर्ष नदीजन्य पदार्थ उत्खनन् संकलन र बिक्री वितरणको लागि ठेक्का बन्दोबस्त गर्ने गर्दछ। यसै क्रममा कोल्हवी नगरपालिकाद्वारा आ व २०८०।८१ को लागि स्विकृत प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन अनुसार लाल बकैया खोलाबाट नदीजन्य पदार्थ उत्खनन्, संकलन र बिक्री वितरणका लागि ठेक्का सम्झौता भई नदीजन्य पदार्थ उत्खनन् कार्य कार्य भईरहेकोमा मिति २०८० जेष्ठ ०१ गते जिल्ला अनुगमन समितिको संयोजक तथा जिल्ला समन्वय समिति बाराका प्रमुख श्री नरेन्द्र कुमार साहज्यूको नेतृत्वमा जिल्ला अनुगमन समितिद्वारा स्थलगत अनुगमन भई जिल्ला अनुगमन समितिको मिति २०८१।०२।०२ गतेको निर्णयानुसार (निर्णय नं १) मापदण्ड विपरीत उत्खनन् गरेको पाइएकोले तत्कालको लागि उत्खनन् कार्य रोक्का गरिएको हो । सोही बैठकको निर्णय नं २ अनुसार उक्त खोलाबाट उत्खनन् भएको नदीजन्य पर्दाथको परिमाण नापजाँच गर्न पूर्वाधार विकास कार्यालय बाराका ईन्जिनियर श्री राजेश प्रसाद चौधरीको संयोजकत्वमा एक प्राविधिक समिति गठन भएको छ । यसरी खोलाको उत्खनन् स्थानहरुको नापजाँच गरी उक्त खोलाबाट हालसम्म भएको उत्खनन् परिमाण, स्विकृत प्रारम्भिक वातावरणीय परीक्षण

प्रतिवेदन र सम्झौताका शर्त तथा मापदण्ड पालना भए नभएको सम्बन्धमा स्थलगत नापजाँच तथा अनुगमन गरी जिल्ला अनुगमन समितिमा पेश गर्न यो प्रतिवेदन तयार गरिएको हो ।

प्राविधिक समिति गठन

बकैया खोलामा उत्खनन् भएको नदीजन्य पदार्थको परिमाण नापजाँच गर्न, ठेक्का सम्झौता शर्त र स्विकृत प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन पालना भए नभएको सम्बन्धमा जिल्ला अनुगमन समितिको मिति २०८१।०२।०२ गतेको बैठकको निर्णय नं २ अनुसार देहायका सदस्यहरु रहने गरी एक प्राविधिक समिति गठन भएको छ ।

१. ईन्जिनियर श्री राजेश प्रसाद चौधरी पूर्वाधार विकास कार्यालय, बारा — संयोजक
२. जि स अ श्री आमोद चौधरी, जिल्ला समन्वय समितिको कार्यालय, बारा — सदस्य
३. ईन्जिनियर श्री गणेश चौधरी, कोल्हवी नगरपालिका, कोल्हवी — सदस्य
४. सहायक वनअधिकृत श्री सुरेश भगत, डिभिजन वन कार्यालय, सिमरा — सदस्य

निर्णय नं. २

दुङ्गा, गिट्टी, बालुवा उत्खनन् र बिक्री वितरणका लागि जीतपुरसिमरा उपमहानगरपालिका, निजगढ नगरपालिका र कोल्हवी नगरपालिकाद्वारा ठेक्का सम्झौता भएका खोलाहरुबाट भएको उत्खननको नापजाँच गर्न तपसिल बमोजिम प्राविधिक समिति गठन गर्ने । उक्त समितिले नापजाँच गरी खोलाहरुबाट हाल सम्म भएको उत्खननको परिमाण, सम्झौता शर्त र मापदण्ड पालनाको अवस्था सहितको प्रतिवेदन ३ दिन भित्र जिल्ला अनुगमन समितिलाई पठाउने ।

तपसिलः-

क. ईन्जिनियर, पुर्वाधार विकास कार्यालय, बारा — संयोजक
ख. ईन्जिनियर, सम्बन्धित नगरपालिका, बारा — सदस्य
ग. प्रतिनिधि, डिभिजन वन कार्यालय, सिमरा, बारा — सदस्य
घ. प्रतिनिधि, जिल्ला समन्वय समितिको कार्यालय, बारा — सदस्य

निर्णय नं. ३

उपर्युक्त कार्यहरु गर्न गराउन आवश्यक पर्ने सहयोग जिल्ला अनुगमन समिति र सुरक्षा निकायबाट उपलब्ध गराउने ।

प्रतिवेदनको उद्देश्य

कोल्हवी नगरपालिकाद्वारा ठेक्का सम्झौता भई लाल बकैया खोलाबाट मिति २०८०।१२।१५ गतेदेखि २०८१।०२।०१ गतेसम्म उत्खनन् भएको नदीजन्य पदार्थको परिमाण नापजाँच गरी स्विकृत वातावरणीय परीक्षण प्रतिवेदन र सम्झौता शर्त तथा मापदण्ड पालनाको अवस्था सहितको प्रतिवेदन जिल्ला अनुगमन समितिलाई पेश गर्ने ।

प्रतिवेदन तयारी गर्न अपनाइएको विधि तथा उपकरण

कोल्हवी नगरपालिका क्षेत्रभित्र पर्ने लाल बकैया खोलाबाट उत्खनन् गरिएको नदीजन्य पदार्थको परिमाण यकिन गर्ने सम्बन्धमा समितिका सबै सदस्यहरुको प्रत्यक्ष उपस्थितिमा उत्खनन् गरिएको क्षेत्रको स्थलगत अवलोकन, नापजाँच, स्थानीय व्यक्तिहरुसँग सोधपुछ, ठेक्का सम्झौता र शर्त, स्विकृत प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तथा अन्य कागजातबाट प्राप्त सूचना तथा जानकारीको आधारमा यो प्रतिवेदन तयार गरिएको छ । नापजाँचको क्रममा लम्बाई तथा चौडाइ मापन गर्न मेजरिङ ह्विल, गहिराई मापन गर्न मेजरिङ टेप र GPS Location पता लगाउन Etrex 10 Garmin GPS Device को प्रयोग गरिएको छ भने अधिकांश स्थानमा चौडाई र गहिराई औषत लिइएको छ ।



भाग २: नापजाँच तथा मापदण्ड पालना प्रतिवेदन

कोल्हवी नगरपालिका क्षेत्रभित्र पर्ने लाल बकैया खोलामा उत्खनन् भएको नदीजन्य पदार्थको परिमाण नापजाँच गर्न, ठेक्का सम्झौता शर्त र स्विकृत प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन पालना भए नभएको सम्बन्धमा प्रतिवेदन पेश गर्न जिल्ला अनुगमन समितिको मिति २०८१।०२।०२ गतेको बैठकको निर्णयानुसार पूर्वाधार विकास कार्यालयका ईन्जिनियर श्री राजेश प्रसाद चौधरीज्युको संयोजकत्वमा प्राविधिक समिति गठन भई उक्त समितिले मिति २०८१।०२।०२ देखि २०८१।०२।१० गतेसम्म समितिका सदस्यहरुको प्रत्यक्ष उपस्थितिमा बकैया खोलाको उत्खनन् क्षेत्रको नापजाँच तथा स्थलगत अनुगमन गरी तपसिल बमोजिम हालसम्म भएको उत्खनन परिमाण, ठेक्का सम्झौता, स्विकृत प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन र मापदण्ड पालनाको अवस्थासहितको विवरण प्रस्तुत गरिएको छ ।

लाल बकैया खोला

स्विकृत प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन (IEE) को सि.न. २.१८.३ (पेज नं ३७) को तालिका २ मा तोकिएको प्लट भन्दा फरक स्थानमा नदीजन्य पदार्थ उत्खनन् गरिएको पाईएको छ। जसलाई तपसिलको तालिका नं १ मा देखाइएको छ ।

तालिका १

क्र सं	संकलन उत्खनन् क्षेत्र	ग्लोबल स्थान	लम्बाई (मिटर)	चौडाई (मिटर)	उचाई (मिटर)	परिमाण (घनमिटर)	परिमाण (घन फिट)	कैफियत
१	हनुमानगँज प्लट		78	76	1.2	9360	330220.8	
२	भिमसखुवा प्लट		260	36	1	7113.6	250967.808	
			TOTAL			16473.6	581188.608	



उत्खनन् गरिएको क्षेत्र



भिमसखुवा प्लट



हनुमानगंज प्लटभन्दा बाहिरको क्षेत्र



लाल बकैया खोलामा स्विकृत IEE प्रतिवेदनको सि. नं २.१८.३ को तालिका २ अनुसार प्रस्ताव गरेका तलका पल्टहरुमा तपसिल अनुसारको उतखनन् गरेको पाईएको छ ।

सि. न.	घाट-स्थान	अक्षांस (उ)	देशान्तर (पु)	लम्बाई (मि.)	चौडाई (मि.)	उचाई (मि.)	परिमाण (घन मि.)	कैफियत
1	तामागढी प्लट	45R,319103	3006109	100	(27+40+36)/3 =34.33	(0.75+0.9+1)/3 =0.88	3032.778	
		45R 20654	3003981					
				110	(35+19+16)/3 = 23.33	(1.2+1.4+1.1)/3 = 1.2	3165.556	
				100	(27+20+25)/3 =24	(0.9+1+1.2)/3= 1.03	2480	
2	भिमसखुवा प्लट	45R 20881	3003725	146	17.5	(0.8+0.9+1)/3 =0.9	2299.5	
		45R,321658	3002727					
				260	(28+32+41)/3 =33.67	(1.2+0.9+0.8)/3 =0.97	8461.556	
				61	9.7	0.9	532.53	
3	हनुमानगँज प्लट	45R,321676	3002510	290	50	1.27	18415	
		45R,321993	3001034					
				75	65	1.15	5606.25	
				245	20	1	4900	
				Total			48893.17	Cu m

नोटः यस लाल बकैया खोलाबाट हालसम्म उत्खनन् गरिएको जम्मा परिमाण =48893.17+16473.6=65366.77 CU M रहेको देखिन्छ ।

फाइल फोटोहरु:







90

भाग ३: तथ्याङ्क र सुचना विश्लेषण

उपर्युक्त तथ्याङ्क र स्थलगत अवलोकन, सम्झौता शर्त र मापदण्ड तथा स्विकृत प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनलाई विश्लेषण गर्दा कोल्हवी नगरपालिकाद्वारा ठेका सम्झौता भएको लाल बकैया खोलाबाट उत्खनन् भएको परिमाणको सम्बन्धमा देहाय बमोजिम रहेको देखिन्छ ।

- ठेकेदार/निर्माण व्यावसायीद्वारा नदीजन्य पदार्थ उत्खनन् गर्दा स्विकृत वातावरणीय अध्ययन प्रतिवेदन, सम्झौता र मापदण्डको पूर्ण पालना गरेको देखिदैन ।
- भिमसखुवा र हनुमानगंज प्लटमा स्विकृत प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन अनुसार तोकिएको क्षेत्र भन्दा बाहिर क्षेत्रबाट जम्मा १६४७३.६ घनमिटर नदीजन्य पदार्थ उत्खनन् भएको देखिन्छ ।
- स्वीकृत IEE प्रतिवेदन अनुसार लाल बकैया खोलाबाट वार्षिक जम्मा ८०७०० घनमिटर नदीजन्य पदार्थ उत्खनन् गर्न सम्झौता भएकोमा हालसम्म तोकिएको ३ वटै प्लटहरुबाट जम्मा ६५३६६.७७ घनमिटर उत्खनन् भईसकेको देखिन्छ भने १५३३३.२३ घनमिटर उत्खनन् गर्न बाँकि देखिन्छ ।
- उत्खनन् गर्दा नगरपालिकाद्वारा रेखाङ्कन गरिएको घाट क्षेत्रभित्रबाट मात्र उत्खनन् गर्नुपर्नेमा अन्य बाहिरी क्षेत्रबाट पनि उत्खनन् गरेको देखिन्छ ।
- उत्खनन् गरिसकेपछि काम नलाग्ने वस्तु जुन स्थानबाट निकालिएको हो सोही स्थानमा स्विकृत वातावरणीय अध्ययन प्रतिवेदनमा उल्लेख भए बमोजिम तह मिलाई खाडल नहुने गरी सम्याएको देखिदैन । घाट नं ३ हनुमानगंज घाट क्षेत्रमा कतिपय स्थानमा च्यानालाइजेशन नगरी ठाउँ ठाउँबाट उत्खनन् गरी पोखरी जस्तो बनाएको देखिन्छ ।
- कतिपय स्थानमा तोकिएको गहिराई भन्दा बढी खाडल हुने गरी उत्खनन् गरेको देखन्छ।

भाग ४: सुझावहरु

कोल्हवी नगरपालिका क्षेत्रभित्र पर्ने लाल बकैया खोलामा सञ्चित नदीजन्य पदार्थलाई हटाई खोलाको च्यानललाई व्यवस्थित गरी बाढी पहिरोबाट मानव बस्ती, खेतीयोग्य जमिन, वन जंगल, पुल आदिलाई क्षति हुनबाट जोगाउन तथा नदीजन्य पदार्थ उत्खनन्, संकलन र बिक्रीवितरण कार्यलाई व्यवस्थित गरी खोलालाई स्वभाविक वा प्राकृतिक बहावमा फर्काउन देहायअनुसार सुझाव दिन उपयुक्त देखिन्छ ।

- नदीजन्य पदार्थ उत्खनन् गर्दा स्विकृत वातावरणीय अध्ययन प्रतिवेदन, सम्झौता र मापदण्डको पूर्ण पालना गर्नुपर्ने ।
- उत्खनन् गर्दा नगरपालिकाद्वारा रेखाङ्कन गरिएको घाट क्षेत्रभित्रबाट मात्र उत्खनन् गर्नुपर्ने ।
- उत्खनन् गर्दा सामान्यतया श्रममूलक प्रविधिको प्रयोग गर्नुपर्ने तर मेशिनको प्रयोग गर्नुपर्ने भएमा स्विकृत वातावरणीय अध्ययन प्रतिवेदनमा उल्लिखित शर्त र सिमाभित्र रहेर गर्नुपर्ने ।
- उत्खनन् गरिसकेपछि काम नलाग्ने वस्तु जुन स्थानबाट निकालिएको हो सोही स्थानमा स्विकृत वातावरणीय अध्ययन प्रतिवेदनमा उल्लेख भए बमोजिम तह मिलाई खाडल नहुने गरी सम्याई राख्नुपर्ने । खोलाको धार परिवर्तन हुने गरी उत्खनन् गर्न रोक लगाउनुपर्ने।
- उत्खनन् गर्दा खोलाको दुवै किनाराबाट एक तिहाई भाग छाडी बिचको एक तिहाई भागबाट मात्र उत्खनन् गर्नुपर्ने ।
- उत्खनन् गर्दा तोकिएको गहिराई भन्दा बढी खाडल नहुने गरी उत्खनन् गर्नुपर्ने ।
- ठेक्का सम्झौता अनुसार उत्खनन् कार्यको अवधिसम्म समय समयमा सम्बन्धित स्थानीय तहको पालिकास्तरीय अनुगमन समिद्वारा अनुगमन गर्नुपर्ने ।
- उत्खनन् र संकलन गर्दा जिल्ला अनुगमन समिति तथा नगर अनुगमन समितिले दिएका निर्देशनहरु समेतको पालना गर्नुपर्ने ।

- उत्खनन् गर्दा नजिक रहेको वन तथा खोला किनारा घाटलाई कुनै हानी नोक्सानी नहुने र सर्वसाधारण जनताको घरजग्गा, कुलो, बाँध, पुलमा क्षति नहुने गरी उत्खनन् गर्नुपर्ने ।
- नदीजन्य पदार्थ उत्खनन् गरिसकेपछि कतिपय स्थानमा उत्खनन् गरिएको ठाउँ पुरिएको, मिलाइएको र कतिपय ठाउँमा पानी जमेको स्थलगत नापजाँचको क्रममा देखिएकोले आगामी दिनमा नदीजन्य पदार्थ उत्खनन् र संकलनको लागि खोला ठेक्का लगाउँदा Online Billing लाई अनिवार्य गर्नुपर्ने ।

प्रतिवेदक

सि नं	नाम, थर	पद	कार्यालय	जिम्मेवारी	हस्ताक्षर
१	राजेश प्रसाद चौधरी	ईन्जिनियर	पूर्वाधार विकास कार्यालय, बारा	संयोजक	
२	आमोद चौधरी	जि स अ	जिल्ला समन्वय समितिको कार्यालय	सदस्य	
३	गणेश चौधरी	ईन्जिनियर	कोल्हवी नगरपालिका	सदस्य	
४	सुरेश भगत	स. वन अधिकृत	डिभिजन वन कार्यालय, सिमरा	सदस्य	
आमन्त्रितः					
१	श्री दिलिप कुमार साह	सब ईन्जिनियर	कोल्हवी नगरपालिका		
२	श्री गौरव खड्का	अ सब ईन्जिनियर	कोल्हवी नगरपालिका		
३	श्री दाउद नादाफ	वनपाले	सब डिभिजन वन कार्यालय, तामागढी		
४	श्री विनोद यादव	का स	जिल्ला समन्वय समिति		
५	श्री रामदेव सहनी	ह स चा	जिल्ला समन्वय समिति		

आज मिति २०८१।०२।११ गते शुक्रवार बेलुका ५:३० बजे कोल्हवी नगरपालिकाद्वारा नदीजन्य पदार्थ उत्खनन्, संकलन र बिक्री वितरणका लागि ठेक्का सम्झौता भएको बकैया खोलाको स्थलगत नापजाँच गरी हालसम्म भएको उत्खनन् परिमाण, सम्झौता शर्त र मापदण्ड सहितको प्रतिवेदन पेश गर्न गठित प्राविधिक समितिको बैठक समितिका संयोजक श्री राजेश प्रसाद चौधरीको संयोजकत्वमा देहायका पदाधिकारीहरुको उपस्थितिमा बसी निम्नानुसार निर्णय गरियो ।

उपस्थितिः

१. ईन्जिनियर श्री राजेश प्रसाद चौधरी पूर्वाधार विकास कार्यालय, बारा — संयोजक
२. जि स अ श्री आमोद चौधरी, जिल्ला समन्वय समितिको कार्यालय, बारा — सदस्य
३. ईन्जिनियर श्री गणेश चौधरी, कोल्हवी नगरपालिका, कोल्हवी — सदस्य
४. सहायक वनअधिकृत श्री सुरेश भगत, डिभिजन वन कार्यालय, सिमरा — सदस्य

आमन्त्रितः

१. श्री दिलिप कुमार साह, सव ईन्जिनियर, कोल्हवी नगरपालिका
२. श्री गौरव खड्का, अ सव ईन्जिनियर, कोल्हवी नगरपालिका
३. श्री दाउद नादाफ, सव डिभिजन वन कार्यालय, तामागढी
४. श्री विनोद यादव, जिल्ला समन्वय समितिको कार्यालय, बारा
५. श्री रामदेव सहनी, जिल्ला समन्वय समितिको कार्यालय, बारा

निर्णय नं.: १

श्री जिल्ला अनुगमन समितिको मिति २०८१।०२।०२ गतेको निर्णयानुसार यस जिल्ला अन्तर्गत कोल्हवी नगरपालिकाद्वारा ठेक्का सम्झौता भई नदीजन्य पदार्थ उत्खनन्, संकलन र ढुवानी भईरहेको बकैया खोलाको यस प्राविधिक समितिद्वारा स्थलगत अनुगमन गरी उत्खनन् परिमाण नापजाँच गरियो । यस प्राविधिक समितिद्वारा गरिएको नापजाँच, कोल्हवी नगरपालिकाको च नं २६१३ मिति २०८१।०२।०६ गतेको पत्रद्वारा प्राप्त प्रतिवेदन, स्विकृत प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन, सम्झौता र अन्य कागजात समेतको आधारमा हालसम्म भएको उत्खनन् परिमाण, मापदण्ड पालना सहितको प्रतिवेदन पाना थान-१३ जिल्ला अनुगमन समितिमा पेश गर्ने निर्णय गरियो ।

CamScanner